apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१



जातकै कारण ६ पटक डेरा सरेका दिनेश बने डाक्टर

समाचार पृष्ठ २

● वर्ष: १२ ● अंक: २६१ ● पृष्ठ: ४ ● २० असोज २०८३ मंगलबार (06 October 2026. Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## उच्च शिक्षा सुधारबारे मधेशमा उच्चस्तरीय संवाद

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज १९ गते**

उच्च शिक्षा सुधार तथा राष्ट्रिय पाठ्यक्रम प्रारुपबारे मधेश प्रदेशको बारा सिमरामा उच्चस्तरीय संवाद कार्यक्रम सुरु भएको छ।



युनेस्को नेपालको सहकार्यमा शिक्षा तथा खेलकुद मन्त्रालयले आयोजना गरेको संवाद कार्यक्रममा संघीय सांसद, प्रदेश सरकार तथा विश्वविद्यालयका पदाधिकारी, स्थानीय सरोकारवाला, नागरिक समाज, सरकारी नीति निर्माता, विज्ञ एवं सरोकारवालाहरुको सहभागिता रहेको छ।

'उच्च शिक्षा सुधार तथा राष्ट्रिय योग्यता प्रारुप मधेश प्रदेशमा उच्च शिक्षाको भविष्य' विषयक दुई दिवसीय उच्चस्तरीय संवाद कार्यक्रममा विषयमा उच्च शिक्षा सुधार तथा राष्ट्रिय पाठ्यक्रम प्रारुपबारे सम्बन्धित विज्ञहरुले कार्यपत्र प्रस्तुत गर्नेछन्। प्रस्तुत कार्यपत्रमाथि समूहगत छलफल हुनेछ। उच्चस्तरीय संवाद कार्यक्रममा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल सहभागी हुनेछन्।

कार्यक्रममा विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्राडा खड्गबहादुर केसी, शिक्षा मन्त्रालयका सचिव चुडामडि पौडेल, शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झा, त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा भोला थापा, पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति सुजनबाबु मरअट्ठ, राजर्षि जनक विश्वविद्यालयका उपकुलपति प्राडा श्यामनारायण लाभ र काठमाडौं विश्वविद्यालयका उपकुलपति प्राडा विवेक बराल सहभागी छन्।

कार्यक्रममा विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्राडा केसीले मधेश प्रदेशको उच्च शिक्षाको अवस्थाबारे प्रस्तुती दिएका थिए। कार्यक्रमको दोस्रो सत्रमा उच्च शिक्षाको परिदृष्यको सन्दर्भमा विशेष गरी मधेश प्रदेशको सन्दर्भलाई केन्द्रविन्दुमा राखेर उच्च शिक्षाको फुटप्रिन्ट प्रस्तुत गरिनेछ।

त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, राजर्षि जनक विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालयका शिक्षाध्यक्षहरुबाट

बाँकी पृष्ठ ३ ▸▸

## दशैंलगत्तै गोलबजारबाट राष्ट्रिय परिचयपत्र सेवा सुरु हुने

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज १९ गते**

सिरहाको गोलबजार नगरपालिकाबाटै राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा सञ्चालन हुने भएको छ। सेवा सञ्चालनका लागि गोलबजार नगरपालिका र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, काठमाडौंबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ।



नगरपालिका र विभागबीच २०८३ असोज १९ गते स्थानीय तहमार्फत राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा प्रवाह गर्ने विषयमा समझदारी भएको हो।

गोलबजार नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रुपनारायण खतिवडाका अनुसार दशैंअघि सेवा सञ्चालनका लागि आवश्यक तयारी तथा व्यवस्थापन पूरा गरिनेछ। दशैंलगत्तै गोलबजारबाट सेवा सुरु गर्ने तयारी गरिएको उनले बताए।

नगर प्रमुख श्यामकुमार श्रेष्ठले स्थानीय तहमै राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा उपलब्ध भएपछि नगरवासीलाई सहज हुने बताए। राष्ट्रिय परिचयपत्र बनाउन सदरमुकाम वा अन्य स्थानमा जानुपर्ने बाध्यता अन्त्य गर्ने उद्देश्यले

बाँकी पृष्ठ २ ▸▸

## मधेशबाट निर्वाचित एक्लो कांग्रेस सांसद आलमद्वारा पार्टी सहमहामन्त्रीमा उम्मेदवारी घोषणा



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज १९ गते**

नेपाली कांग्रेसको सहमहामन्त्रीमा प्रतिनिधि सभा सदस्य डा. मो. फिरदोश आलमले उम्मेदवारी दिने भएका छन्।

रौतहट-२ का सांसद उनले मुस्लिम कोटातर्फ सहमहामन्त्री पदमा उम्मेदवारी दिने घोषणा गरेका हुन्। उनी गत फागुनमा सम्पन्न निर्वाचनमा मधेश प्रदेशबाट निर्वाचित एक्लो प्रतिनिधि सभा सदस्य हुन्। उनी रौतहट-२ मा नेकपाका उम्मेदवार किरण कुमार साहलाई पराजित गर्दै निर्वाचित भएका थिए। उक्त क्षेत्रमा रास्वपा भने तेस्रो बनेको थियो।

बाँकी पृष्ठ ४ ▸▸

## जानकी मन्दिर संरक्षित क्षेत्र घोषित, युनेस्कोको विश्व सम्पदा सूचीमा पार्न के गर्नुपर्ला ?



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज १९ गते**

संघीय सरकारले जानकी मन्दिरले ओगट्ने क्षेत्रफल तोक्ने कार्य सम्पन्न गरेपछि जनकपुरबासिन्दाहरूमा जानकी मन्दिर विश्व सम्पदा सूचीमा पर्ने विश्वास पलाएको छ।

धनुषा-३ बाट निर्वाचित रास्वपा सांसद मनिष झाको पहलपछि १३ भदौको मन्त्रिपरिषद् बैठकले जानकी मन्दिरले ओगट्ने क्षेत्र तोकेर राजपत्रमा सूचनासमेत प्रकाशित गरिसकेको छ।

मिथिला सभ्यता, रामायण परम्परा, सीता-रामसँग जोडिएको धार्मिक आस्था, प्राचीन पोखरी, मठ-मन्दिर र मैथिली कला-संस्कृतिको केन्द्रका रूपमा विशिष्ट ऐतिहासिक र सांस्कृतिक परिचय बनाएको जनकपुरको प्रमुख सम्पदा जानकी मन्दिरलाई युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने विषय लामो समयदेखि चर्चामा रहँदैआएको छ। तर यसका लागि आवश्यक पर्ने यसको सीमाना (चार किल्ला) तय गर्दै त्यसलाई संरक्षित क्षेत्र तोक्ने काम भने हुन सकेको थिएन।

पटक-पटक चुनावी एजेण्डा बन्दै आएको यो विषयलाई मूर्तरूप दिने गरी यसको चार किल्ला तोक्ने काम नयाँ सरकार बनेपछि मात्र हुनसक्यो। गत निर्वाचनमा धनुषा-३ बाट निर्वाचित रास्वपा सांसद मनिष झाको निरन्तरको पहल पछि यो काम सम्पन्न भएको हो।

बाँकी पृष्ठ ३ ▸▸

## मधेशमा भ्रष्टाचार: १० हजार बढी उजुरी दर्ता, आधाभन्दा बढी स्थानीय तहका

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज १९ गते**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आर्थिक वर्ष २०८२/८३ मा दर्ता भएका उजुरीमध्ये मधेश प्रदेशसँग सम्बन्धित उजुरीको संख्या १० हजार ७ सय ४६ पुगेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासले सोमबार मधेश प्रदेश प्रमुख सुरेन्द्रलाल कर्णसक्षम प्रस्तुत गरेको ३६ औं वार्षिक प्रतिवेदनअनुसार देशभर दर्ता भएका कुल ४० हजार ८ सय ४२ उजुरीमध्ये मधेशमा मात्रै २६.३१ प्रतिशत उजुरी परेको हो।

प्रदेशगत रूपमा बागमतीपछि सबैभन्दा बढी मधेशमा उजुरी परेको छ। मधेशमा प्रदेश सरकार र स्थानीय तहसँग सम्बन्धित उजुरीको संख्या अन्य प्रदेशको तुलनामा निकै बढी देखिएको प्रतिवेदनले औंल्याएको छ।

मधेशमा दर्ता भएका १० हजार ७ सय ४६ उजुरीमध्ये स्थानीय तहसँग सम्बन्धित मात्रै ७ हजार ३ सय ७० (६८.५८) प्रतिशत छन्। प्रदेश सरकारसँग सम्बन्धित १ हजार ४ सय ७५ (१३.७२) प्रतिशत र संघीय सरकारसँग सम्बन्धित १ हजार ९ सय १ (१७.६९) प्रतिशत उजुरी दर्ता भएका छन्।





प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख कर्णले उजुरीको चाप धेरै देखिएकाले यसको निरुपणतर्फ आयोगले थप अग्रसर भएर काम गर्नुपर्नेमा जोड दिए।

प्रतिवेदनमा जिल्लागत तथ्यांकले पनि मधेशमा भ्रष्टाचारसम्बन्धी उजुरीको चाप उच्च रहेको देखाएको छ। देशभर सबैभन्दा बढी उजुरी पर्ने जिल्लामा काठमाडौं पहिलो स्थानमा रहेको देखाएको छ भने मधेशको धनुषा २ हजार १ सय १ उजुरीसहित दोस्रो स्थानमा छ।

देशभर धेरै उजुरी पर्ने प्रमुख १० जिल्लामध्ये कास्कीबाहेक अधिकांश जिल्ला मधेश प्रदेशका छन्।

बाँकी पृष्ठ ४ ▸▸

## साउनयता ६१४ निजामती कर्मचारीले छाडे सेवा, विधेयक दर्तापछि झन बढ्यो

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज १९ गते**

नयाँ निजामती सेवा ऐनको तयारी र प्रस्तावित व्यवस्थाका कारण निजामती सेवाबाट राजीनामा दिने कर्मचारीको संख्या बढ्दै गएको छ। साउन १ देखि असोज १४ गतेसम्म मात्रै ६१४ जना कर्मचारीले सेवाबाट राजीनामा दिएका छन्।





निजामती किताबखानामा दर्ता भएको विवरणअनुसार राजीनामा दिनेमा चार जना सचिव तहका कर्मचारी छन्। त्यस्तै, ११ सहसचिव, १०८ उपसचिव, १२६ शाखा अधिकृत तथा ११८ नायब सुब्बा र खरिदार रहेका छन्।

यसैगरी, कार्यालय सहयोगी तथा अन्य श्रेणीविहीन १६३ कर्मचारीले पनि सेवा छाडेका छन्। सचिव तहबाट राजीनामा दिनेमा कमलप्रसाद पोखरेल, बाबुराम अधिकारी र राजकुमार श्रेष्ठलगायत रहेका छन्। पोखरेलले सञ्चार सचिव पदबाट राजीनामा दिएका हुन्।

**असोजमा मात्रै ४०४ राजीनामा**

निजामती सेवाबाट राजीनामा दिने क्रम पछिल्लो समय तीव्र बनेको देखिन्छ। साउन र भदौ महिनामा मात्रै निजामती किताबखानामा २१० वटा राजीनामा दर्ता भएका थिए।

त्यसपछि असोज १ देखि १४ गतेसम्मको नौ कार्यदिनमा विभिन्न मन्त्रालयबाट स्वीकृत भएर थप ४०४ वटा राजीनामा किताबखानामा पुगेका छन्। यसले कर्मचारीमा स्वैच्छिक अवकाश लिने क्रम पछिल्लो समय झनै बढेको देखाएको छ।

सरकारले नयाँ निजामती सेवा ऐन ल्याउने तयारीसँगै एकपटकका लागि ठूलो संख्यामा कर्मचारीलाई अवकाश दिने गरी ३० वर्ष सेवा अवधि र ५५ वर्ष उमेर हदसम्बन्धी व्यवस्था अघि

बाँकी पृष्ठ ३ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

## शौचालय निर्माण पूरा गर

सिरहा सदरमुकाममा सार्वजनिक शौचालयको अभाव नयाँ समस्या होइन् । जिल्लाका विभिन्न गाउँ-बस्तीबाट दैनिकजसो किनमेल गर्न तथा सरकारी कामका लागि आउने सर्वसाधारणले सार्वजनिक शौचालयको अभावमा लामो समयदेखि सास्ती खेप्दै आएका छन् । तर, नागरिकको यो आधारभूत आवश्यकतालाई सम्बोधन गर्न थालिएको सार्वजनिक शौचालय निर्माणको कामसमेत अधुरै छाडिनु अझ गम्भीर विषय हो । सिरहा नगरपालिका क्षेत्रमा विभिन्न आठ स्थानमा करिब १०-१० लाख रुपैयाँको लागतमा सार्वजनिक शौचालय निर्माण सुरु गरिएको थियो । मधेश प्रदेश सरकारबाट प्राप्त बजेटबाट विद्यालय तथा सार्वजनिक स्थानमा निर्माण थालिएका ती शौचालयमा करिब एक करोड रुपैयाँ खर्च हुने अवस्था रहे पनि निर्माण पूरा हुन सकेको छैन् । निर्माण अधुरो भएपछि ती संरचना नागरिकका लागि प्रयोगयोग्य बन्न सकेका छैनन् । सार्वजनिक शौचालय निर्माण गर्नु भौतिक संरचना खडा गर्नु मात्र होइन् । त्यसको उद्देश्य नागरिकलाई स्वच्छ, सुरक्षित र सहज शौचालय सेवा उपलब्ध गराउनु हो । तर, बजेट खर्च गर्ने नाममा संरचना अधुरो छाड्ने हो भने त्यसले सरकारी लगानीको औचित्यमाथि नै प्रश्न उठाउँछ । सार्वजनिक बजेट खर्च भइसकेपछि पनि नागरिकले सेवा नपाउनु भनेको विकासको नाममा स्रोतको दुरुपयोग हो ।

यसमा सिरहा नगरपालिका र मधेश प्रदेश सरकार दुवैले आफ्नो जिम्मेवारीबाट पन्छिन मिल्दैन् । प्रदेश सरकारले बजेट उपलब्ध गराएको हो भने त्यसको कार्यान्वयन प्रभावकारी भयो कि भएन भनेर अनुगमन गर्नुपर्छ । स्थानीय तहले निर्माणको जिम्मेवारी लिएको हो भने काम किन रोकियो, ठेकेदार वा उपभोक्ता समितिको समस्या के हो, बजेट अपुग हो कि कार्यान्वयनमा कमजोरी भयो भन्ने विषय स्पष्ट गर्नुपर्छ । आयोजना अधुरो राखेर मौन बस्नु कुनै पनि जिम्मेवार सरकारको सुशासनको नमुना हुन सक्दैन् । करिब एक करोड रुपैयाँको सार्वजनिक लगानीबाट बन्नुपर्ने संरचना नागरिकले कहिलेदेखि प्रयोग गर्न पाउने ? यसको स्पष्ट जवाफ सम्बन्धित निकायले दिनुपर्छ । बजेट विनियोजन, निर्माण सुरु र खर्चको अवस्था, निर्माणको जिम्मेवारी पाएको निकाय वा पक्ष, हालसम्म भएको प्रगति तथा बाँकी काम पूरा गर्न आवश्यक रकम र समयसीमाबारे सार्वजनिक जानकारी दिनुपर्छ । सिरहा सदरमुकाममा सार्वजनिक शौचालयको अभावले सबैभन्दा बढी समस्या सेवाग्राहीले भोगिरहेका छन् । विशेषगरी महिला, ज्येष्ठ नागरिक, बालबालिका, बिरामी तथा टाढाबाट आएका सेवाग्राहीका लागि यो समस्या थप संवेदनशील छ । बजार क्षेत्रमा व्यवस्थित सार्वजनिक शौचालय नहुँदा नागरिक खुला स्थान प्रयोग गर्न बाध्य हुने अवस्था सिर्जना हुनु सरसफाइ र सार्वजनिक स्वास्थ्यका दृष्टिले समेत गम्भीर विषय हो । सरकारले सडक, भवन र अन्य ठूला पूर्वाधारलाई विकासको प्रमुख सूचक मान्दै आएको छ । तर, नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका शौचालयजस्ता आधारभूत पूर्वाधारलाई बेवास्ता गर्नु विकासको असन्तुलित दृष्टिकोण हो । सार्वजनिक शौचालय पनि त्यत्तिकै महत्वपूर्ण सार्वजनिक पूर्वाधार हो । जसको निर्माणपछि नियमित सरसफाइ, पानी, विद्युत् र सञ्चालनको व्यवस्थासमेत सुनिश्चित हुनुपर्छ ।

त्यसैले अधुरा शौचालयलाई अलपत्र छाड्ने होइन, तत्काल पूरा गरी नागरिकको प्रयोगमा ल्याउनुपर्छ । त्यसका लागि सिरहा नगरपालिका र मधेश प्रदेश सरकारले संयुक्त रूपमा स्थलगत अनुगमन गरी प्रत्येक आयोजनाको वास्तविक अवस्था सार्वजनिक गर्नुपर्छ । निर्माणमा ढिलाइ वा लापरबाही भएको भए सम्बन्धित पक्षलाई जिम्मेवार बनाउनुपर्छ । बजेटको दुरुपयोग भएको आशंका भए छानबिन हुनुपर्छ । सार्वजनिक पैसा खर्च गरेर नागरिकलाई सेवा नदिनु स्वीकार्य हुन सक्दैन् । सरकारको सफलता कति बजेट खर्च भयो भन्नेमा होइन, खर्च भएको बजेटबाट नागरिकले कति सेवा पाए भन्नेमा मापन हुनुपर्छ । त्यसैले सिरहाका अधुरा सार्वजनिक शौचालय तत्काल पूरा गरिनुपर्छ र भविष्यमा यस्ता आयोजना बजेट खर्च गर्ने औपचारिकतामा सीमित नहुने सुनिश्चितता गरिनुपर्छ । सिरहा सदरमुकाममा आउने नागरिकले आफ्नो आधारभूत आवश्यकता पूरा गर्नसमेत सास्ती खेप्नुपर्ने अवस्था अन्त्य गर्नु स्थानीय सरकार र प्रदेश सरकार दुवैको साझा दायित्व हो । अधुरो शौचालय पूरा गर्दै खर्चको हिसाब सार्वजनिक गर्नुपर्छ । त्यसको बारेमा नागरिकलाई जवाफ दिनुपर्छ । जसले गर्दा सफा र स्वच्छ बजार बनाउन र सुशासन कायम गर्न मद्दत मिल्छ ।

# जातकै कारण ६ पटक डेरा सरेका दिनेश बने डाक्टर

**राजविराजमा जातकै कारण ६ पटक डेरा सर्न बाध्य मरिकले छात्रवृत्ति, ऋण र सहयोग जुटाएर एमबीबीएस पूरा गरेका हुन् ।**

**अपन दैनिक संवाददाता**
**राजविराज, असोज १९ गते**



तराई-मधेशमा जातीय विभेदका घटना भइरहेका बेला २०७२ सालमा एसएलसी उत्तीर्ण गरेर दिनेशकुमार मरिक उच्च शिक्षा अध्ययनका लागि राजविराज छिरे । छिन्नमस्ता गाउँपालिका-२, रमपुराका उनी राजविराजस्थित ह्यापील्यान्ड सेकेन्डरी स्कुलमा कक्षा ११ र १२ अध्ययनका लागि भर्ना भए । घरदेखि दैनिक राजविराज आउजाउ गरेर पढ्न गाह्रो भएपछि उनले राजविराजमै डेरा लिएर बस्ने निधो गरे ।

डेरा खोज्दै जाँदा अधिकांश घरधनीले नाम र गाउँभन्दा पनि जात के हो भनेर सोध्थे । आफ्नो जात बताएपछि केही घरधनीले डेरा दिनै मानेनन् । बाध्य भएर उनले जात लुकाएर डेरा खोज्न थाले ।

जात लुकाएर डेरा पाएपछि दिनेश नियमित कक्षामा जान थाले । 'तर, दुई महिना नबित्दै घरधनीले डोम हो भनेर थाहा पाइहालेको रहेछ,' दिनेशले सुनाए, 'त्यसपछि त एक दिन पनि बस्न दिनुभएन । कक्षाबाट फर्किएँ अनि त्यही दिन कोठा सार्नुपर्‍यो ।'

त्यसपछि उनले अर्को ठाउँमा पनि जात लुकाएरै डेरा लिए । केही महिना बसेपछि त्यहाँ पनि घरधनीले उनको जात थाहा पाए र डेराबाट निकालिए । कक्षा ११ र १२ पढ्दासम्म दिनेशले जातकै कारण राजविराजमा ६ पटकसम्म डेरा सार्नुपरेको थियो ।

डेरामा मात्रै होइन, गाउँदेखि विद्यालयसम्मै उनले जातीय विभेद खेपेका थिए । उनले कक्षा १० सम्म जनता माध्यमिक विद्यालय खुदीबखारीमा अध्ययन गरे । कक्षा ८, ९ र १० मा उनी प्रथम थिए । 'विद्यालयमै पनि जातीय विभेद खेप्नु परेको घटना अझै मनमा ताजै छ,' एउटा घटना सम्झिँदै उनले भने, 'हाम्रो विद्यालयमा सरस्वती पूजा हुँदा हरेक वर्ष कक्षा ९ का प्रथम विद्यार्थी पूजामा बस्नुपर्ने नियम थियो । तर, डोम समुदायको भएकै कारण मलाई पूजामा बस्न दिएनन् । पूजाको प्रसादसमेत वितरण गर्न दिएनन् ।'

गाउँमा हिँडडुल गर्दादेखि कक्षाकोठासम्मै साथीहरूले गर्ने छुवाछुतका घटनाले उनमा चिकित्सक बन्ने सोच पलाएको थियो । 'डाक्टर बनेपछि उपचार गराउन आउँदा मेरो शरीर अछुत रहन्न । यो कुरा त्यही बेलादेखि मेरो मनमा चलिरहेको थियो,' उनले वीरगन्जबाट टेलिफोनमा भने, 'एसएलसी पास गर्दा नै बुवालाई एमबीबीएस पढ्छु भनेर सुनाएको थिएँ । बुवाको पनि त्यही नै इच्छा थियो, तर त्यत्रो पैसा कहाँबाट ल्याउन सक्नु भनेर चिन्ता गर्नुहुन्थ्यो ।'

जातीय विभेद र सामाजिक उपेक्षा खेप्दाखेप्दै दिनेशले कक्षा १२ सम्मको पढाइ पूरा गरेपछि एमबीबीएस 'इन्ट्रान्स'को तयारी गर्न काठमाडौँ पुगे । तर, त्यहाँको खर्च जुटाउन मरिक परिवारलाई हम्मे-हम्मे पर्न थाल्यो ।

उनका बुवा युक्ति मरिकले गाउँलेसँग सरसापट गरेर दिनेशलाई कक्षा ११ र १२ मा निजी विद्यालयमा पढाएका थिए ।

काठमाडौँमा होस्टेल बस्दाको मासिक १० हजार रुपैयाँ र चार-पाँच महिनासम्म एमबीबीएसको 'इन्ट्रान्स' तयारी कक्षाका लागि लाग्ने २५ हजार रुपैयाँ शुल्क जुटाउन उनीहरूलाई कठिन भइरहेको थियो । युक्तिले ऋण लिएर ती खर्च पठाए पनि होस्टेलबाट कक्षासम्म पुग्न लाग्ने मासिक २ हजार रुपैयाँ यातायात खर्च पठाउन सकेनन् । 'बुवालाई पनि गाह्रो भइरहेको थियो । मैले हिँडेरै भए पनि २०/२५ दिन त नियमित कक्षा गरेँ, तर डेढ-दुई घण्टा आउजाउ गर्नै खर्च भइहाल्यो,' दिनेशले भने, 'कसरी पढ्नुपर्छ भन्ने आइडिया भइसकेपछि मैले कोठामै बसेर पढ्न थालेँ ।'

'इन्ट्रान्स' तयारी कक्षामा एक-एक सातामा हुने परीक्षा भने उनले दिइरहे । अन्ततः २०७५ सालमा एमबीबीएसको 'इन्ट्रान्स' दिँदा उनले पहिलो पटकमै छात्रवृत्तिमा नाम निकाले । तर, चिकित्सक बन्नेसम्मको यात्रा अझै सहज थिएन ।

त्यसपछि दिनेशले बुवालाई फोन गरेर काठमाडौँ बोलाए । 'विश्वविद्यालय पुग्दा मैले भर्ना हुने कलेजको नाममा हामीलाई २२ लाख ४५ हजार रुपैयाँको चेक दिनुभयो,' उनले भने, 'त्यही चेक बोकेर नेशनल मेडिकल कलेज तथा टिचिङ हस्पिटल वीरगन्ज पुगेँ । तर, भर्ना गराउँदाको बेला नै साढे ५ लाख रुपैयाँ अरू तिर्नुपर्छ भनेर सुन्दा 'इन्ट्रान्स'मा नाम निकाल्दाको सबै खुसी त्यहीँ हरायो ।'

उनीहरूसँग भाडाबाहेक अरू पैसा थिएन । त्यसमाथि कलेजमा भर्ना हुने समय तीन-चार दिन मात्रै बाँकी थियो । 'केहीबेरका लागि त डाक्टर बन्ने सपना सपनै रहने जस्तो पनि लाग्यो । तर, बुवा हरेस नखाई पैसाको जोहोमा लाग्नुभयो,' उनले भने, 'गाउँ पुगेर मिटरब्याजमा ७० हजार ऋण लिएर फर्किनुभयो । सुरुमा त कलेजले मानेन । म्यानेजिङ डाइरेक्टरसमक्ष आग्रह गरेपछि उहाँले समस्या बुझ्नुभयो । दुई महिनाभित्र बाँकी रकम तिरिसक्ने सर्तमा कलेजमा भर्ना हुन पाएँ ।'

तर, बाँकी ४ लाख ८० हजार रुपैयाँ तिर्ने स्रोत नदेख्दा दिनेशलाई चिन्ताले सताइरहेको थियो । दलित अधिकारकर्मीसमेत रहेका उनका बुवा युक्ति पनि पैसाको जोहो गर्न नसक्दा तनावमा थिए । 'त्यही बेला भोलाजी (दलित अधिकारकर्मी तथा लेखक भोला पासवान) भेट्दा समस्या सुनाएपछि उहाँकै पहलमा प्रदेश सरकारबाट ३ लाख ५० हजार रुपैयाँ छोराको पढाइका लागि छात्रवृत्तिबापत पाएँ,' युक्तिले भने, 'बाँकी १ लाख ३० हजार रुपैयाँ फेरि ऋण लिएरै फछ्र्योट गरेँ । सबै ऋणको ब्याजसहित अहिलेसम्म १४/१५ लाख रुपैयाँ पुगिसकेको छ ।'

यसरी पहिलो वर्षको शुल्क फछ्र्योट भए पनि दोस्रो वर्षको शुल्क तिर्न नसक्दा दिनेश परीक्षामै सामेल हुन पाएनन् । पैसाको जोहो नहुँदा एक वर्ष त्यसै खेर गएको उनले बताए । 'बाँकी चार वर्षको १७/१८ लाख अरू तिर्नुपर्ने थियो । तर, त्यही बेला चिकित्सा शिक्षा आयोगले सूचना निकालेर ४२ लाख ४५ हजार ५ सयभन्दा बढी नतिर्न भन्यो । त्यही कार्यान्वयनका लागि हामीले आन्दोलन सुरु गर्‍यौँ,' दिनेशले भने, 'आन्दोलनका बेला प्रथम वर्षको बोर्ड परीक्षा पनि कसैले दिएनन् । त्यसपछि वार्षिक २/२ लाख रुपैयाँ मात्रै तिर्नुपर्छ भनेर सहमति भयो ।'

तर, मरिक परिवारलाई त्यो २ लाख रुपैयाँ पनि तिर्ने सामर्थ्य थिएन । ऋण काढेर ड्रेससहित आवश्यक 'इक्युपमेन्ट' किनेको बताउँदै दिनेशले पछि विभिन्न संघसंस्थाबाट सहयोग पाएपछि चिकित्सक बन्ने सपना पूरा भएको बताए । 'अहिले पनि धेरै व्यक्तित्वहरूले मलाई म्यासेज गरेर थप पढाइमा सहयोग गर्छु भनेर भन्नुभएको छ । तर, म के भन्छु भने म जस्ता धेरै जेहेन्दार विद्यार्थी छन्, जो आर्थिक अभावका कारण चाहेर पनि पढ्न पाइरहेका छैनन्,' उनले भने, 'म पनि दशकौँदेखि जातीय विभेद र उपेक्षामा परेको विपन्न दलित समाजका लागि केही गर्न चाहन्छु । सबै शिक्षित भए मात्रै समाजमा परिवर्तन सम्भव छ । मलाई सहयोग गर्नुहुने सबैप्रति आभारी छु ।'

दिनेशले पहिलो पटकमै एनएमसी (नेपाल मेडिकल काउन्सिल) परीक्षा पास गरेका छन् । एनएमसीको नतिजा असोज ६ मा आएको हो । अहिले उनी नेशनल मेडिकल कलेज तथा टिचिङ हस्पिटल वीरगन्जमै 'इन्टर्न' गरिरहेका छन् । दिनेशको परिवारमा बुवा आमा र दाजुभाइ गरी चार जना छन् । दुई जना दिदीको बिहे भइसकेको छ ।

## दशैंलगत्तै गोलबजारबाट राष्ट्रिय ............

नगरपालिकाबाटै सेवा सुरु गर्न लागिएको उनले बताए ।

गोलबजार नगरपालिकामा १३ वटा वडा छन् । नगरपालिकाबाटै सेवा सुरु भएपछि १३ वटै वडाका नागरिकसँगै आसपासका क्षेत्रका सेवाग्राहीसमेत लाभान्वित हुने अपेक्षा गरिएको छ ।

## शैक्षिक प्रमाणपत्र हराएको सूचना

मिति २०८३/०४/०७ गते सिरहाबाट विष्णुपुर जाने क्रममा मेरो माइग्रेसन सर्टिफिकेट हराएको हुँदा उक्त कागजात कसैले फेला पार्नुभएको भए कृपया तल उल्लेखित सम्पर्क नम्बरमा जानकारी गराइदिनुहुन अनुरोध गर्दछु ।

**नाम:** अजय कुमार मेहता
**सम्पर्क नं.:** ९७१४५८९८६० **रजिस्ट्रेशन नं.** ७५१५११०२४

## आजको राशिफल

**मेष :** दैनिक योजनाहरू व्यवस्थित गर्दै अघि बढ्नुपर्ने दिन छ । परिवारका सदस्यहरूसँगको सम्बन्ध सुमधुर बन्नेछ ।

**बृष :** पढाइलेखाइमा गरेको मेहनतले भविष्यमा सकारात्मक नतिजा दिलाउनेछ ।

**मिथुन :** पारिवारिक वातावरण र आन्तरिक सुख-सुविधामा केही खर्च बढ्न सक्छ ।

**कर्कट :** आत्मविश्वास उच्च रहने हुनाले कार्यक्षेत्रका कठिन कार्यहरू पनि सहजै सम्पन्न हुनेछन् ।

**सिंह :** खानपानमा विशेष ध्यान दिएर आफ्ना स्वास्थ्य अनुकूल राख्ने प्रयास गर्नुहोस् ।

**कन्या :** कला, साहित्य वा बौद्धिक क्षेत्रमा संलग्न व्यक्तिहरूले विशेष सम्मान प्राप्त गर्नेछन् ।

**तुला :** व्यापार व्यवसायमा सोचेजस्तै लाभ मिल्नेछ र नयाँ योजनाहरू कार्यन्वयन गर्ने उपयुक्त अवसर प्राप्त हुनेछ ।

**वृश्चिक :** अचानक धन लाभ हुने योग रहेको छ तर गोपनीयता कायम राख्न आवश्यक छ ।

**धनु :** भाग्यले पूर्ण साथ दिने हुनाले धार्मिक तथा सामाजिक कार्यमा रुचि बढ्नेछ ।

**मकर :** कार्यक्षेत्रमा नयाँ जिम्मेवारीहरू थपिन सक्नेछन्, जसले गर्दा केही व्यस्तता र मानसिक थकान महसुस हुन सक्छ ।

**कुम्भ :** सामूहिक कार्य वा व्यापारिक साझेदारीबाट राम्रो फाइदा लिन सकिनेछ ।

**मीन :** स्वास्थ्यमा केही सामान्य समस्या देखिए पनि दैनिक कार्यहरू खासै प्रभावित हुने छैनन् ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**

## कांग्रेस महाधिवेशन

# आज उम्मेदवारी दर्तादेखि दोस्रो नामावली प्रकाशनसम्मको कार्यसूची




**अपन दैनिक संवाददाता**

**सिरहा ।** काठमाडौँको खुलामञ्चमा आइतबारदेखि सुरु भएको नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत तेस्रो दिन आज मंगलबार नयाँ केन्द्रीय कार्यसमिति चयनका लागि निर्वाचन प्रक्रिया सुरु हुँदैछ । सोमबारदेखि बन्दसत्र सुरु भएको महाधिवेशनमा केन्द्रीय निर्वाचन समितिले तोकेको कार्यतालिकाअनुसार आज दिनभर उम्मेदवारी दर्तादेखि नामावली प्रकाशनसम्मका कार्यक्रमहरू सञ्चालन हुनेछन् ।

केन्द्रीय निर्वाचन समितिका अनुसार आज बिहान १०:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म विभिन्न पदका लागि उम्मेदवारीको दरखास्त तथा मनोनयनपत्र दर्ता गर्ने समय निर्धारण गरिएको छ। मनोनयन दर्ताको समय समाप्त भएपछि समितिले आजै दिउँसो ४:३० बजे उम्मेदवारहरूको प्रथम नामावली प्रकाशन गर्ने तयारी गरेको छ।

पहिलो नामावली प्रकाशन भएसँगै उम्मेदवारविरुद्ध दाबी विरोधका लागि दिउँसो ४:३० बजेदेखि ५:३० बजेसम्मको समय दिइएको छ। दाबी विरोधका लागि प्राप्त दरखास्तहरूउपर निर्वाचन समितिले आजै साँझ ५:३० बजेदेखि ६:३० बजेसम्म जाँचबुझ गर्नेछ।

जाँचबुझ सम्पन्न भएपछि आजै बेलुका ७:०० बजे उम्मेदवारहरूको दोस्रो नामावली प्रकाशन गरिने कार्यतालिका छ । आज दोस्रो नामावली प्रकाशन भएपछि कार्यतालिकाअनुसार भोलि असोज २१ गते उम्मेदवारी फिर्ता लिने र अन्तिम नामावली प्रकाशनको प्रक्रिया पूरा गरी असोज २२ गते बिहान ७:३० बजेदेखि मतदान सुरु हुनेछ।

## साउनयता ६१४ निजामती कर्मचारीले छाडे सेवा ............

सारेपछि गत जेठदेखि नै राजीनामा दिने क्रम बढेको थियो।

निजामती सेवा विधेयक असोज १५ गते संसद्मा दर्ता भएको थियो । विधेयक दर्ता भएपछि कर्मचारीले राजीनामा दिने क्रम थप बढेको बताइएको छ।

प्रस्तावित व्यवस्थाका कारण भविष्यमा अवकाश तथा पेन्सन सुविधामा असर पर्न सक्ने आकलन गर्दै कतिपय कर्मचारीले विधेयक कार्यान्वयनमा आउनुअघि नै सेवाबाट बाहिरिने निर्णय गरेको देखिन्छ।

पछिल्लो तथ्यांकले निजामती सेवामा लामो समयदेखि कार्यरत कर्मचारीसमेत स्वैच्छिक रूपमा सेवा छाड्ने क्रम बढिरहेको देखाएको छ।




## जानकी मन्दिर संरक्षित क्षेत्र घोषित, युनेस्कोको ............

निर्वाचनका क्रममा जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने विषयलाई महत्त्वका साथ उठाएका झाले निर्वाचित भएपछि पनि यो विषयलाई प्राथमिकता दिँदै आएका थिए ।

उनले मन्दिर वरपर समुचित पार्किङको व्यवस्था गरिनुपर्ने, भवनको उचाइ र अन्य संरचनाको संरक्षणलगायतका विषयमा ध्यान दिनुपर्ने विषय उठाउँदै आएका थिए ।

त्यसो त, यसअघि पनि अन्य उम्मेदवारहरूले यो विषयलाई चुनावी एजेण्डा नबनाएका होइनन् । तर, विश्व सम्पदा सूचीमा पार्ने विषयमा समुचित पहल भने हुनसक्केको थिएन ।

झाले निर्वाचनमा विजय हासिल गरेपछि निरन्तर जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा पुऱ्याउन आवश्यक प्रक्रिया र पहललाई प्राथमिकता दिइरहे । जसका कारण जनकपुरबासिन्दाको दुई दशक पुरानो आशा अब वास्तविकतामा परिणत हुने क्रममा छ ।

धेरै अगाडिदेखि चर्चाको विषय बन्दै आएको जानकी मन्दिरलाई विश्व सम्पदाका रूपमा अघि बढाउन महत्त्वपूर्ण आधार १६ माघ २०६४ मा तयार भएको थियो । त्यसदिन जानकी मन्दिर युनेस्कोको 'विश्व सम्पदा अस्थायी सूची'मा समावेश भएको थियो ।

'विश्व सम्पदा अस्थायी सूची' कुनै मुलुकले भविष्यमा विश्व सम्पदा सूचीमा नामांकन गर्न चाहेका सम्भावित सम्पदाको प्रारम्भिक सूची हो ।

अस्थायी सूचीमा परेको सम्पदालाई स्थायी सूचीमा पार्न त्यो सम्पदाबारे विस्तृत अध्ययन, संरक्षण तथा व्यवस्थापन योजना, आवश्यक दस्तावेज, सीमाङ्कन गर्नुपर्छ । यी प्रक्रिया पूरा भएपछि विशेष पुस्तिका बनाएर युनेस्कोले तय गरेको प्रक्रियामा जानुपर्ने जानकारहरू बताउँछन् ।

तर, सन् २००८ मै अस्थायी सूचीमा परिसकेको यो सम्पदालाई स्थायी सूचीमा पार्न आवश्यक पर्ने यही प्रक्रिया झण्डै दुई दशकसम्म अघि बढ्न सकेन । यसलाई सम्पदा सूचीमा पार्नका लागि स्थानीय तहबाट नागरिक समाज र स्थानीय संस्थाहरूले दबाब सिर्जना गर्दै आएका थिए ।

विसं २०७० को दशकमा जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन हस्ताक्षर संकलन नै सुरु गरिएको थियो। त्यसअन्तर्गत पहिलो चरणमा संकलित करिब ५५ हजार हस्ताक्षर युनेस्कोलाई बुझाउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई प्रदान गरिएको थियो ।

त्यसअघि पनि बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले जानकी मन्दिरलाई विश्व सम्पदामा लैजान विभिन्न अभियान सञ्चालन गरेको थियो । के देखिन्छ भने, स्थायी तहमा रहेका विभिन्न गैरसरकारी तथा नागरिक संस्थाहरूले विश्व सम्पदा सूचीमा पार्न अभियान त सञ्चालन गरे । तर, सरकारको तर्फबाट अघि बढ्नुपर्ने प्रक्रिया भने औपचारिक रूपमा अघि बढ्न सकेन ।

आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ को नीति तथा कार्यक्रममा पनि जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा समावेश गर्न पहल गर्ने विषय समेटिएको पनि थियो । तर, विश्व सम्पदा सूचीका लागि महत्त्वपूर्ण कदमका रुपमा रहेको जानकी मन्दिर आसपासको क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषणा भने नयाँ सरकार निर्माण भएपछि मात्र हुन सक्यो ।

चार किल्ला तोक्ने कामसहित संरक्षित स्मारक क्षेत्रका रूपमा गरिएको घोषणा विश्व सम्पदा सूचीमा नामांकनका लागि आवश्यक संरक्षण र व्यवस्थापन संरचना निर्माण गर्ने दिशामा एक महत्त्वपूर्ण प्रशासनिक कदम हो ।

यस कार्यका लागि निर्णायक भूमिका खेलेका रास्वपा नेता एवं धनुषा- ३ बाट निर्वाचित सांसद मनिष झाका भनाइमा, विश्व सम्पदा सूचीमा जानकी मन्दिर समावेश हुँदा यसको सकारात्मक असर जनकपुर क्षेत्रको पर्यटनमा पर्नेछ ।

'जानकी मन्दिर युनेस्कोको विश्व सम्पदा सूचीमा समावेश हुनु भनेको जनकपुर क्षेत्र पर्यटन ग्लोबल म्यापमा समावेश हुनु हो,' झा भन्छन्, 'यसै पनि हिन्दु धर्मावलम्बीहरूका लागि जनकपुर महत्त्वपूर्ण छँदै छ, विश्व सम्पदा सूचीमा परेपछि यसको महत्त्व अरु बढ्नेछ ।'

झाले भनेजस्तै, जानकी मन्दिर यदि विश्व सम्पदा सूचीमा सूचीकृत हुनसक्यो भने पहिलो ठूलो प्रभाव यसले प्राप्त गर्नसक्ने अन्तर्राष्ट्रिय पहिचानमा पर्नेछ। यसर्थ कि, जानकी मन्दिर सयौँ वर्षदेखि विश्वभरका हिन्दु तीर्थयात्रीहरूका लागि महत्त्वपूर्ण गन्तव्य बन्दै आएको छ । विश्व सम्पदा सूचीमा समावेश भएपछि हिन्दु धर्मावलम्बीहरूले यसको महत्त्वलाई अझ उचाइबाट बुझ्नेछन् ।

यसबाहेक युनेस्कोले विश्व सम्पदा सूचीको दर्जा प्रदान गर्दा जानकी मन्दिरको वास्तुकला र सांस्कृतिक पहिचान अझ बढी उजागर हुनेछ ।

खासमा जनकपुर जानकी मन्दिर भएको स्थान मात्र होइन, मिथिला सभ्यता, रामायण परम्परा, पोखरी, मठ, कुटी, मिथिला कला र मैथिली संस्कृतिको केन्द्र पनि हो । विश्व सम्पदा सूचीमा सूचीकरणसँगै पर्यटकहरूको आगमनमा हुने वृद्धिले मिथिला सभ्यताबारेको ज्ञानसमेत विस्तार हुनेछ ।

सांसद झाको भनाइमा, विश्व सम्पदा सूचीमा सूचीकृत हुने सम्भावना रहेका अन्य सम्पदामध्ये जानकी मन्दिर सबैभन्दा महत्त्वपूर्ण सम्पदा हो भने यातायातका दृष्टिले पनि जनकपुर पुग्न अन्तर्राष्ट्रिय पर्यटकहरूको सहज छ ।

'त्यसैले, सरकारी निकायहरूले यसपटक जनकपुरलाई युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत गर्न ध्यान केन्द्रित गर्नुपर्छ', उनी भन्छन्, 'विश्व सम्पदा सूचीमा सूचीकृत भएपछि अन्तर्राष्ट्रिय पर्यटकहरूको संख्यामा वृद्धि हुने भएकाले अन्य पूर्वाधारको विकासमा पनि अहिल्यैदेखि ध्यान दिनु जरुरी छ ।'

**लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।**

अपन दैनिक

*सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल*

## उच्च शिक्षा सुधारबारे मधेशमा उच्चस्तरीय ............

प्रस्तुति दिइरहेका छन् । यस्तै तेस्रो प्रस्तुतीको रुपमा शिक्षा मन्त्तालयले मधेश प्रदेशमा उच्च शिक्षाको क्षेत्रमा कस्तो सोच राखेको छ र उक्त सोच कार्यान्वयनका लागि मधेश प्रदेशका नेतृत्वबाट के कस्ता सहयोग अपेक्षा गरिएको छ भन्नेबारे प्रस्तुती रहनेछ ।

शिक्षा मन्त्रालयका सहसचिव जयराम अधिकारीका अनुसार संवादमा जिल्लागत रूपमा उच्च शिक्षाको सम्भाव्यता, विद्यमान समस्या तथा सुधारका सम्भावनाबारे छलफल हुनेछ । राष्ट्रिय योग्यता प्रारुपअन्तर्गत औपचारिक, अनौपचारिक तथा सीप शिक्षाबाट प्राप्त ज्ञान र सीपलाई एकीकृत तथा प्रमाणीकरण गर्ने विषयलाई पनि प्राथमिकताका साथ छलफल गरिने उनले बताए ।

एक प्रकारको शिक्षाबाट अर्को प्रकारको शिक्षामा रूपान्तरण, शिक्षामा गतिशीलता, क्रेडिट सञ्चय तथा स्थानान्तरण प्रणाली विकास गर्ने विषय समेत राष्ट्रिय योग्यता प्रारुपको महत्वपूर्ण पक्ष रहेको अधिकारीले जानकारी दिए ।

शिक्षा मन्त्रालयको विधेयकमा समेत यो विषय प्राथमिकतामा रहेको उनको भनाइ छ। अनिवार्य आधारभूत शिक्षाको अवसर नपाएका, वैकल्पिक माध्यमबाट शिक्षा हासिल गरेका तथा परम्परागत माध्यमबाट सीप प्राप्त गरेका व्यक्तिलाई समेत राष्ट्रिय योग्यता प्रणालीमा समेट्ने उद्देश्य रहेको उनले बताए ।



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**

**सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल**

**फोन नं. ०३३-५२०७१४**

यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

अपन दैनिक
Apan Dainik National Newspaper

# ठेक्कापट्टामा डिजिटल गुण्डागर्दी

**पहिले–पहिले ठेक्कामा भौतिक गुण्डागर्दी हाबी हुन्थ्यो । ठेकेदारलाई धम्की दिनेदेखि ज्यानै जानेसम्मका घटना हुन्थे । तर अहिले यो शैली परिवर्तन भएर डिजिटल रूपमा देखा पर्न थालेको छ– सिस्टम ह्याक गरेर ठेक्का हत्याउने अनि ह्याकरलाई पैसा बुझाउने ।**

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज १९ गते**

ई-बिडिङ प्रणालीमा अनधिकृत पहुँच पुऱ्याएर ठेक्का प्रक्रियामा चलखेल गरेको घटनामा केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) र केन्द्रीय साइबर ब्युरो भोटाहिटीले संयुक्त रूपमा दोस्रो चरणको अनुसन्धान गरिरहेका छन्।

दोस्रो चरणमा अहिलेसम्म ८ जनालाई पक्राउ गरी अनुसन्धान गरिएको सीआईबीका प्रवक्ता तथा एसएसपी अनुपम शमशेर जबरा बताउँछन्। 'हामीले ८ जनालाई विभिन्न मितिमा पक्राउ गरेर अनुसन्धान गरिरहेका छौं। कसको के भूमिका छ, कसरी चलखेल भएको छ भन्ने अनुसन्धान जारी छ,' एसएसपी जबराले भने।

पक्राउ पर्नेमा भक्तबहादुर लामा, विष्णुमान लामा, किरण मल्ल, ध्रुव खनाल, नारायणप्रसाद सितिखु, स्वदेश पोखरेल, गंगाबहादुर सिलवाल र रितुबहादुर कार्की छन्।

पक्राउ परेकाहरूले सार्वजनिक खरिद अनुगमन कार्यालयको ई-गभर्मेन्ट प्रोक्युरमेन्ट प्रणालीमा अनधिकृत पहुँच पुऱ्याई विभिन्न ठेक्काको विवरण हेरफेर हुने गरेको भन्दै साइबर ब्युरो भोटाहिटीमा उजुरी परेको थियो।

ठेक्काहरूको आर्थिक प्रस्ताव खोल्नु अगावै डकुमेन्ट परिवर्तन हुने गरेको बताइएको थियो। प्रारम्भिक अनुसन्धानका क्रममा ठूलो संगठित अपराध भइरहेको खुलेपछि यसको अनुसन्धान साइबर ब्युरोभन्दा माथिल्लो निकाय सीआईबीसमेतको संयुक्त टोलीले गरिरहेका छन्।




बोलपत्रको अन्तिम समय सकिएपछि अनधिकृत रूपमा पहुँच पुऱ्याएर सबैको विवरण हेर्ने र आफ्नो बोलपत्र प्रस्ताव स्वीकृत गर्न संशोधन गरी सबैभन्दा कम मूल्य राख्ने र टेन्डर हात पार्ने गरेको साइबर ब्युरोका प्रवक्ता दीपकराज अवस्थी बताउँछन्।

यसका लागि ठेकेदार कम्पनीहरूसँग सम्पर्क गरी बार्गेनिङ गरेर रकममा कुरा मिलेपछि अनलाइन बोलपत्रमा डिजिटल गुण्डा (ह्याकर)हरूले पहुँच पुऱ्याएर विवरण संशोधन गर्दै ठेक्का हत्याउने गरेको सीआईबीको भनाइ छ।

यो प्रकरणमा यसअघि नासु तथा कम्प्युटर अपरेटर दिवाकर देउजा पक्राउ परेका थिए। जो ई-बिडिङ ह्याकिङ प्रणालीका मुख्य 'डिजिटल गुण्डा' थिए।

प्रोग्रामिङ, क्लाउड सर्भर र पीएचपी प्रयोग गरी आईएमएस सर्भर ह्याक गर्ने र ब्याकडोर सिर्जना गर्ने मुख्य काम उनै देउजाले गरेका थिए। उनले सञ्चालक व्यवस्थापकको रूपमा जीवन लिम्बू नामको नक्कली पात्र खडा गरी ठेकेदारहरूसँग ह्वाट्स एपमा सम्पर्क गर्ने, इमेलमार्फत बार्गेनिङ गर्ने र ठेक्का मिलाइदिने प्रलोभन देखाउँदै रकम असुलेको आरोप छ।

यसरी सन् २०२३ देखि नै पीपीएमओको ई-जीपी प्रणालीमा अनधिकृत पहुँच पुऱ्याएर ई-टेन्डरमा पेस भएका बोलपत्रका विवरण हेरफेर गर्दै आएको खुलेको छ। प्रहरीका अनुसार ठेक्का मिलाइदिने उद्देश्यले बोलपत्रका गोप्य विवरण हेर्ने, कम मूल्य राखेर प्रस्ताव संशोधन गर्ने तथा त्यसवापत आर्थिक लेनदेन हुने गरेको छ।

यसरी आर्जन गरेको रकम बिटक्वाइनमार्फत विदेशसमेत पुग्ने गरेको छ। पहिलो चरणको अनुसन्धानमा भाष्करराज अर्याल नाम गरेका कम्प्युटर इन्जिनियरले बिटक्वाइनमार्फत कारोबारका लागि अमेरिकामा बसेका साथीमार्फत भुक्तानी गर्ने र नेपालमा नगदमा मिलान गर्ने गरेको खुलेको थियो।

### डिजिटल गुण्डागर्दी

नेपालमा गुण्डागर्दी लागेका व्यक्तिको पृष्ठभूमि केलाउने हो भने अधिकांशको नेक्सस ठेक्कापट्टासँग जोडिन्छ। अर्थात् गुण्डाहरू उत्पत्ति नै ठेक्कापट्टाबाट भएको देखिन्छ। आफ्नो क्षेत्रमा भएका ठेक्कापट्टामा कमिसन लिने, सलामी खानेदेखि दादा भत्ता भन्दै व्यवसायीबाट असुली गर्ने प्रवृत्ति देखिन्छ।

एक जमाना यस्तो थियो, गुण्डाहरूलाई खुसी नपारी ठेकेदारले काम गर्नसक्ने अवस्था नै थिएन। प्रहरी इन्काउन्टरमा मारिएका कुमार घैटेदेखि दिनेश अधिकारी (चरी) हुन् वा अहिले केन्द्रीय कारागार सुन्धारामा रहेका समीरमानसिंह बस्नेत हुन्, यी सबैको पृष्ठभूमि ठेक्कापट्टाको कसिमनमा जोडिन्छ।

प्रहरी इन्काउन्टरमै मारिएका मनोज पुनदेखि अहिले राजनीतिमा लागेका मिलन गुरुङ (चक्रे मिलन), दीपक मनाङे (राजीव गुरुङ), गणेश लामा, रमेश वाहन (रमेश पौडेल) परशुराम बस्नेतलगायत ठेक्कापट्टामा हुने गुण्डागर्दीमा नाम जोडिएका व्यक्ति हुन्।

अझ गुण्डा नाइक समीरमानसिंह बस्नेतले निर्माण व्यवसायी महासंघका तत्कालीन अध्यक्ष शरद गौचनको हत्या गर्नुको कारण नै यही ठेक्कापट्टाको गुण्डागर्दी तथा कमिसनसँग जोडिएको थियो।

निर्माण व्यवसायी गौचनको २३ असोज २०७४ मा हत्या भयो। राजधानीको शान्तिनगरस्थित प्रयागचोकमा गोली हानी गौचनको हत्या भएको थियो। मोटरसाइकलमा आएका अज्ञात व्यक्ति गाडीमा सवार गौचनलाई गोली प्रहार गरी फरार भएका थिए।

यो घटनाको अनुसन्धान गर्दै जाँदा नयाँनयाँ तथ्य फेला पर्‍यो। सीआईबीका तत्कालीन एआईजी पुष्कर कार्कीले हत्याको मुख्य कारण नै ठेक्काको कमिसन रहेको खुलासा गरेका थिए। गौचनले सञ्चालन गर्दै आएको डाँफे कन्स्ट्रक्सनमा सेयर दिन भनी गजुरमुखी कन्स्ट्रक्सनका त्यतिखेरका मुख्य लगानीकर्ता कुमार घैटेमार्फत साढे २ करोड लिएकोसमेत सीआईबीले त्यतिबेला बताएको थियो।

घैटे प्रहरी इन्काउन्टरमा मारिएपछि उनकै समूहका गुण्डा नाइके बस्नेतले उक्त सेयर आफूले पाउनुपर्नेदेखि ठेक्काको कमिसनसमेत माग गरेको तर नपाएपछि योजना बनाएर हत्या गरेको खुलेको थियो। यसका मुख्य योजनाकार अहिले कारागारमा रहेका बस्नेत नै थिए।

त्यतिबेला ठेक्कामा भौतिक तथा फिजिकल गुण्डागर्दी हाबी थियो। धम्की दिनेदेखि आक्रमण गर्ने र ज्यानै जानेसम्मको घटना हुन्थ्यो। गुण्डाहरूलाई कमिसन नबुझाई व्यवसायीले काम गर्नै पाउँदैनन्थे। तर अहिले ठेक्कामा गुण्डागर्दीको शैली परिवर्तन भएको छ। पहिले पाखुरा देखाएर कमिसन लिने गुण्डागर्दी शैली अहिले डिजिटल रूपमा देखिन थालेको छ।

प्रविधिको विकाससँगै प्रयोगमा आएको ई-बिडिङ प्रणालीलाई नै ह्याक गरी आफू अनकूल ठेक्का हात पार्ने र त्यसरी ह्याक गरी ठेक्का पारिदिए वापत डिजिटल गुण्डा (ह्याकर)हरूलाई ठेकेदारले कमिसन बुझाउने चलन देखिएको छ। यसको दोस्रो चरणको अनुसन्धान अहिले जारी छ।

'पहिले कमिसन नदिए सिधै ज्यान मार्नेसम्मको धम्की दिइन्थ्यो, तर अहिले स्मार्ट ह्याकहरूको प्रयोग गरी ठेक्का नै हत्याउनेसम्मको डिजिटल गुण्डागर्दी ठेक्कापट्टामा देखिन्छ,' अनुसन्धानमा संलग्न एक जुनियर प्रहरी अधिकारी भन्छन्, 'प्रविधिसँगै गुण्डागर्दी पनि डिजिटलमा सिफ्ट भएको देखिन्छ।'




### मधेशमा भ्रष्टाचार: १० हजार बढी उजुरी दर्ता ...............

प्रतिवेदनमा पर्सामा १ हजार ४ सय ४, महोत्तरीमा १ हजार ३ सय ९३, बारामा १ हजार ३ सय १८, सप्तरीमा १ हजार २ सय ३, सिरहामा १ हजार १ सय ७६ र रौतहटमा १ हजार १ सय ४९ उजुरी दर्ता भएका छन्।

मधेशमा परेका उजुरीमध्ये अधिकांश स्थानीय तहको बढी रहेको देखिन्छ। देशभरका स्थानीय तहसँग सम्बन्धित उजुरीमध्ये मधेश प्रदेशमा मात्रै ७ हजार ३ सय ७० (३६.८०) प्रतिशत उजुरी परेको आयोगको प्रतिवेदनमा उल्लेख छ।

आयोगले धेरै उजुरी परेका क्षेत्र, निकाय र पालिकामा सेवा प्रवाह, सार्वजनिक खरिद, पूर्वाधार निर्माण तथा प्रशासनिक कार्यको जोखिम पहिचान गरी लक्षित अनुगमन, छानबिन र सुधारात्मक कार्य गर्नुपर्ने आवश्यकता औँल्याएको छ।

त्यस्तै स्थानीय तहपछि प्रदेश सरकारसँग सम्बन्धित उजुरीको तथ्यांकमा पनि मधेश अग्रणी स्थानमा देखिएको छ। देशभर प्रदेश सरकारसँग सम्बन्धित ५ हजार ३ सय ५ उजुरीमध्ये मधेश प्रदेशसँग मात्रै १ हजार ४ सय ७५ (२७.८०) प्रतिशत उजुरी रहेको प्रतिवेदनले जनाएको छ।

मधेशका सर्लाही, महोत्तरी, धनुषा र सिरहा गरी चार जिल्लासहित नौ जिल्लाको जिम्मेवारी अख्तियारको बर्दिबास कार्यालयले हेर्दै आएको छ भने बागमतीका दुई र कोशीका तीन जिल्ला हेर्दै आएको छ।

बर्दिबास कार्यालयका सूचना अधिकार प्रकाश पोखरेलले आर्थिक वर्ष २०८२/८३ मा कार्यालयमा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका तथा सो अवधिमा दर्ता भएका गरी जम्मा ३ हजार ८ सय ३६ उजुरी रहेकोमा तीमध्ये २ हजार ५ सय ८ (६५.३८) प्रतिशत उजुरी फछ्र्यौट भएको बताए।

उनका अनुसार बाँकी १ हजार ३ सय २८ उजुरी आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सरेका छन्। आयोग मातहतका आठ कार्यालयमध्ये बर्दिबासमा सबैभन्दा बढी ९.३९ प्रतिशत उजुरी दर्ता भएको उनको भनाइ छ।

बर्दिबास कार्यालयमा दर्ता भएका उजुरी तथा छानबिनका क्रममा सार्वजनिक अधिकारको दुरुपयोग, सरकारी कोष तथा सार्वजनिक सम्पत्तिको हिनामिना, हानि-नोक्सानी तथा दुरुपयोग, प्रचलित कानुन र प्रक्रिया पूरा नगरी पदको दुरुपयोग गर्ने तथा विकास निर्माणको परिमाण र गुणस्तरमा कैफियत गर्ने जस्ता भ्रष्टाचारजन्य गतिविधि बढि देखिएको आयोगले जनाएको छ।

कार्यालयमा परेको उजुरीमध्ये शिक्षा क्षेत्रसँग सम्बन्धित १४.६७ प्रतिशत, गैरकानुनी सम्पत्ति आर्जनसँग सम्बन्धित ७.०८ प्रतिशत र अन्य विविध विषयसँग सम्बन्धित उजुरी १०.४६ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनले मधेश प्रदेशमा उच्च संख्यामा उजुरी परेका क्षेत्र, निकाय र पालिकामा सेवा प्रवाह, सार्वजनिक खरिद, पूर्वाधार तथा प्रशासनिक कार्यको जोखिम पहिचान गरी लक्षित अनुगमन, छानबिन र सुधारात्मक कार्य गर्नुपर्ने आवश्यकता औँल्याएको छ।

प्रतिवेदनमा भनिएको छ, 'भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन आयोगको एकल प्रयासबाट मात्र सम्भव नहुने भएकाले आयोगले संघ, प्रदेश र स्थानीय तहका सरकारी निकाय, निजी क्षेत्र, सञ्चारकर्मी, नागरिक समाज तथा आम नागरिकबीच सहयोग, समन्वय र सहकार्यको आवश्यकता रहेको छ।'

आर्थिक वर्ष २०८२/८३ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मुख्यालय र सबै कार्यालयमा विभिन्न माध्यमबाट ३३ हजार ५ सय १० नयाँ उजुरी दर्ता भएका थिए। अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ७ हजार ३ सय २३ उजुरीसमेत गरी कुल ४० हजार ८ सय ४२ उजुरी कायम भएका थिए। तीमध्ये ३२ हजार ८ सय २३ अर्थात् ८०.३७ प्रतिशत उजुरी प्रारम्भिक छानबिनबाट फछ्र्यौट भएका छन् भने ८ हजार १९ उजुरी आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सरेका छन्।

तहगत रूपमा स्थानीय तहसँग सम्बन्धित उजुरी सबैभन्दा धेरै २० हजार २५ (४९.०३) प्रतिशत छन्। संघसँग सम्बन्धित १५ हजार ५ सय १२ (३७.९८) प्रतिशत र प्रदेशसँग सम्बन्धित ५ हजार ३ सय ५ (१२.९९) प्रतिशत उजुरी दर्ता भएका छन्। आयोगले विस्तृत अनुसन्धान सम्पन्न गरी निर्णय गरेका ७ सय ८७ उजुरीमध्ये १ सय ७५ वटा मुद्दा विशेष अदालतमा दायर गरिएको प्रतिवेदनमा उल्लेख छ। दायर भएका मुद्दामध्ये संघसँग सम्बन्धित ६८, प्रदेशसँग सम्बन्धित ३० र स्थानीय तहसँग सम्बन्धित ७७ वटा छन्। प्रदेशगत रूपमा सबैभन्दा धेरै मुद्दा बागमती प्रदेशसँग सम्बन्धित ४४ वटा दायर भएका छन् भने मधेश प्रदेशसँग सम्बन्धित ४० वटा मुद्दा दायर भएका छन्।

आयोगमा परेका उजुरीमध्ये सबैभन्दा ठूलो हिस्सा संघीय मामिला तथा स्थानीय तहसमेतको भूमि प्रशासनसँग सम्बन्धित रहेको छ। यस्तो उजुरी ६.७७ प्रतिशत छन्। गृह प्रशासनसँग सम्बन्धित ४.५ प्रतिशत, वन तथा वातावरणका ४.०७ प्रतिशत, भौतिक पूर्वाधार तथा यातायातका ३.६७ प्रतिशत, स्वास्थ्यका ३.६४ प्रतिशत, नक्कली शैक्षिक प्रमाणपत्रका ३.३९ प्रतिशत, ऊर्जा, जलस्रोत तथा सिँचाइका २.५० प्रतिशत, अर्थसँग सम्बन्धित २.२४ प्रतिशत तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनसँग सम्बन्धित १.५७ प्रतिशत उजुरी परेको प्रतिवेदनमा उल्लेख छ।

### मधेशबाट निर्वाचित एक्लो कांग्रेस सांसद ..........

डा. मो. फिरदोश आलम नेपाली कांग्रेसका स्वर्गीय नेता शेख इद्रिसका नाति र स्वर्गीय मोहम्मद अफताबका छोरा हुन्।

डा. आलमले चिकित्सा शास्त्रमा स्नातक (एमबीबीएस) गरेका छन्। उनले यसअघि नेपाल प्रहरी अस्पतालमा प्रहरी निरीक्षकका रूपमा कार्यरत रही सेवा समेत गरेका थिए।

उनी युवा, शिक्षित र प्राविधिक क्षेत्रमा समेत दखल राख्ने व्यक्तित्वका रूपमा चिनिन्छन्।

